त्यसको (समुद्रको) पानी पवित्र हुन्छ त्यसको मृत् (माछा) हलाल हुन्छन् ।

हजरत अबू हुरैरह (रजियल्लाहु अन्हु) भन्नु हुन्छ: " एक जनाले अल्लाहका रसूल(सल्लल्लाहु अलैहि वसल्लम)सित सोध्यो र भन्यो : हे अल्लाहका रसूल ! हामी
समुद्रमा यात्रा गर्छौं र आफ्नो साथमा थोरै पानी बोकेर हिँडेका हुन्छौँ । यदि
हामीले त्यो पानीले वुजू गर्यौं भने हामीलाई पिउने पानी रहँदैन । अत: के हामीले समुद्रको पानीले वुजू गर्न मिल्छ त ? अल्लाहका रसूल(सल्लल्लाहु अलैहि वसल्लम)ले
भन्नु भयो : त्यसको (समुद्रको) पानी पवित्र हुन्छ त्यसको मृत् (माछा) हलाल हुन्छन् ।
"

[सही]

एक जनाले नबी(सल्लल्लाहु अलैहि वसल्लम)सित सोध्यो र भन्यो: हामी समुद्र माथि जहाजमा बसेर शिकार अथवा व्यापार र यस्तै कामहरूका लागि यात्रा गर्छौं र आफ्नो साथमा राम्रो पानी थोरै बोकेर हिँडेका हुन्छौँ । यदि हामीले त्यो पिउने पानीले वुजू गर्यौं अथवा स्नान गर्यौं भने पानी सक्किन्छ र हामीलाई पिउने पानी रहँदैन । सो के हामीहरूका लागि समुद्रको पानीले वुजू गर्न जायज हुन्छ त? रसूल (सल्लल्लाहु अलैहि वसल्लम)ले समुद्री पानीको बारेमा भन्नु भएको छ "यसको पानी शुद्ध र पवित्र गर्न सक्ने क्षमता भएको हुन्छ; यसबाट वुजू गर्न र नुहाउन जायज छ, र यसबाट निस्कने साना वा ठूला माछा र अन्य समुद्री सृष्टिहरू विना शिकारका यदि मरेर उत्तानो परेको भेटिएमा खान वैध छ ।

https://sunnah.global/hadeeth/ne/show/8355